The School District of Philadelphia

# Southwark Elementary School

*A Smile is the Same in Any Language"*

***Mr. Andrew Lukov**, Principal*

1835 South 9th Street Philadelphia, PA 19148
Phone: 215-952-8606 FAX: 215-952-8670

## साउथवार्क प्राथमिक बिद्यालय व्यवहार नियमावली

विद्यार्थीलाई सधैंको लागि सक्रिय रुपमा संलग्न बनाउने सकारात्मक र सहयोगजनक बिद्यालय बातावरण र शैक्षिक कार्यक्रमको बिकास गर्नु नै व्यवहारिक समस्याहरु रोक्न, सब्बै भन्दा राम्रो तरिका हो भनेर साउथवार्क बिद्यालयले विश्वाश गर्छ। हाम्रा शिक्षकहरुले तपाईंको बालकलाई राम्रो बातावरण बनाउने बाचन गरेका छन्। तल दिइएको ब्यवहार नियमावलीको जानकारी, भङ गर्ने व्यवहार छानेका विद्यार्थीहरुको लागि लागु गरिन्छ। यो नियमावली बनाइ राख्न आमा बुवा र अभिभावकहरुलाई हामी सँग साझेदारी गर्न अनुरोध गर्दछौं। विद्यार्थीहरुलाई निष्पक्ष रुपमा र इमानदारीताका साथ सधैं व्यवहार गरिने छ।

**पहिलो तहको अपराध**

फिलाडेल्फिया बिद्यालय जिल्लाले यि भङ्ग गर्ने व्यवहारलाई पहिलो तहको अपराध मानिन्छ:

- **कक्षा कोठाको नियमहरुको पलाना गर्न असफल भएको**
- **अनुचित पोशाक** /
- **हल पास वा उपयुक्त परिचय पत्र नभएको**
- **कक्षा कोठामा भाग नलिएको वा तैयार नभएको** /
- **अनुपस्थित भएको वा बिद्यालयमा ढिलो धेरै भएको**
- **अनुचित व्यक्तिगत सामानहरु भएको**
- **अपवित्र वा अश्लील भाषा बोलेको वा इशारा गरेको**

**तल्लो बिद्यालयहरुको लागि अनुमोदन गरिएको प्रक्रियाहरु** :

पहिलो तहको अपराधहरु गरेको खण्डमा विद्यार्थीले छानेको व्यवहारको सम्बोधन गर्न शिक्षकले तल दिइएको प्रगतिशिल व्यवहार प्रक्रियाहरुको पालना गर्ने छ:

1. हरेक दिन हरेक बालक हरियो बत्तीको साथ सुरु हुन्छ।
2. **पहिलो पटक:** कक्षा कोठामा नियम पलाना नगरेको खण्डमा तपाईंको बालकलाई चेतावनी दिइने छ।
3. **दोस्रो पटक:** दोस्रो चेतावनी दिइन्छ र बालकलाई पहेलो बत्ती दिइन्छ। कक्षा कोठा भित्र बालकलाई छुटै राखिन्छ।
4. **तेस्रो पटक:** व्यवहार जारी भएको खण्डमा विद्यार्थीलाई तेस्रो चेतावनी दिइन्छ र बालकलाई रातो बत्ती दिइन्छ। विद्यार्थीले छानेको नचाहिदो व्यवहारको बारे जानकारी दिन आमा बुवालाई बोलाइने छ र सो व्यवहार जारी भएको खण्डमा भविष्यमा थप परिणाम प्रदान गरिने छ।
5. **चौथो समय:** प्रधानाध्यापक वा प्रधानाध्यापकले नियुक्त गरेको व्यक्तिलाई इ यच २० फारम (गुलाबी पत्र) प्रदान गरिन्छ।

इ यच २० परिणाममा यि कुराहरु सम्मिलित हुन्छ तर यि कुराहरुमा मात्र सिमित छैन:

- आमा बुवा सँग सम्मेलन
- आमा बुवा सँग तुरुन्तै सम्मेलनको लागि बहिष्करण पत्र
- खाना खाने समयमा छुटै राख्ने
- बिद्यालय भित्र निलम्बन
- व्यवहार हस्तक्षेप कक्षा
- आर टि आइ आइ मा व्यवहार सिफारिश (Behavioral Referral to RtII)

**माथिल्लो बिद्यालयहरुको लागि अनुमोदन गरिएका प्रक्रियाहरु**:

पहिलो तहको अपराधहरु गरेको खण्डमा विद्यार्थीले छानेको व्यवहारको सम्बोधन गर्न शिक्षकले तल दिइएको प्रगतिशिल व्येवहार प्रक्रियाहरुको पालना गर्ने छ:

1. **पहिलो पटक:** शिक्षकले शान्त रुपमा विद्यार्थीको व्यवहारको सम्बोधन गर्ने छ
2. **दोस्रो पटक:** विद्यार्थीलाई चुट्टै ठाउँमा राखिने छ (कक्षा कोठा भित्र वा सहायक शिक्षक सँग)
3. **तेस्रो पटक:** विद्यार्थी सँग सम्मेलन
4. **चैथो पटक:** बिद्यालय अगाडि र पछाडि राखिन्छ (आमा बुवा लाई सुचना प्रदान गरिन्छ)
5. पाँचौं **पटक**: प्रधानाध्यापक वा प्रधानाध्यापकले तोकेको व्यक्तिले इ यच २० (गुलाफी पत्र) फारम प्रदान गरिन्छ।

इ यच २० परिणाममा यि कुराहरु सम्मिलित हुन्छ तर यि कुराहरुमा मात्र सिमित छैन:

- आमा बुवा सँग सम्मेलन
- आमा बुवा सँग तुरुन्तै सम्मेलनको लागि बहिष्करण पत्र
- बिद्यालय अगाडि वा पछाडि राख्ने
- बिद्यालय भित्र निलम्बन
- व्यवहार हस्तक्षेप कक्षा
- "आर टि आइ आइ" मा व्यवहार सिफारिश (Behavioral Referral to RtII)

**पहिलो तहको अपराध दोस्रो तहको अपराध हुन सक्ने**

तल दिइएका भङ्ग गर्ने व्यवहारहरु बिद्यालय जिल्ला द्वारा पहिलो तहको अपराधलाई प्रदानाध्यापक वा प्रदानाध्यापकले नियुक्त गरेको व्यक्तिको अनुसार दोस्रो तहको अपराध भनी वर्गिक्रित गर्न सकिन्छ:

- सार्वजनिक ठाउँमा माया देखाउने र अनुचित रुपमा छुने /अनुचित रुपमा आफ्नो इलेक्ट्रोनिक सामान चलाऊने /झगडा गर्ने (दुइ जना विद्यार्थीहरु एक अर्का सँग झगडा गर्ने) /(जिउलाई चोट नपुग्ने गरी) झगडा गर्ने
- प्रशासन, शिक्षक वा आमा बुवा वा अभिभावकको सही जाल साजी गर्ने

उपयुक्त प्रक्रियाहरु

प्रधानाध्यापक वा प्रधानाध्यापक द्वारा नियुक्त गरिएको व्यक्तिले इ यच २० फारम (गुलाबी पत्र) प्रदान गरिन्छ। विद्यार्थीले माथि बयान गरिएको पहिलो तहमा अनुमोदन गरिएको अपराधहरुको एउटा वा एउटा भन्दा धेरै परिणाम हरु प्रदान गर्ने छ त्यसका साथ साथै प्रधानाध्यापक वा प्रधानाध्यापकले नियुक्त गरेको व्यक्ति द्वारा, अपराधलाई दोस्रो तह भनेर वर्गीकृत गरेको खण्डमा एक देखी दस दिनको लागि बिद्यालय बाहिर निलम्बन गरिने छ।

**पहिलो तहको अपराध तेस्रो तहको अपराध हुन सक्ने**

तल दिइएका भङ्ग गर्ने व्यवहारहरु बिद्यालय जिल्ला द्वारा पहिलो तहको अपराधलाई प्रदानाध्यापक वा प्रदानाध्यापकले नियुक्त गरेको व्यक्तिको अनुसार तेस्रो तहको अपराध भनी वर्गीक्रित गर्न सकिन्छ:

- विद्यार्थीको अंक विवरण, अनुपास्थितीको कारण लेखिएको पत्र वा विद्यार्थीको कागज पत्रहरु परिवर्तन गरेको /(५०० देखी १००० डलर सम्मको) सम्पत्तिको बिनाश गरेको
- (सहमतीका साथ) यौन कार्य गरेको

उपयुक्त प्रक्रियाहरु

प्रधानाध्यापक वा प्रधानाध्यापक द्वारा नियुक्त गरिएको व्यक्तिले इ यच २० फारम (गुलाबी पत्र) प्रदान गर्ने छ। विद्यार्थीले माथि बयान गरिएको पहिलो तहमा अनुमोदन गरिएको अपराधहरुको एउटा वा एउटा भन्दा धेरै परिणाम हरु प्रदान गर्ने छ त्यसका साथ साथै प्रधानाध्यापक वा प्रधानाध्यापकले नियुक्त गरेको व्यक्ति द्वारा, अपराधलाई दोस्रो तह वा तेस्रो तह भनेर वर्गीकृत गरेको खण्डमा यि परिणामहरु भोग्नु पर्ने हुन्छ:

- एक देखी दस दिन को लागि बिद्यालय बाहिर निलम्बन
- सुन्वाइ र निष्काशन कार्यालयमा सिफरिश गरिने

**पहिलो तहको अपराध चौथों तहको अपराध हुन सक्ने**

तल दिइएका भङ्ग गर्ने व्यवहारहरु बिद्यालय जिल्ला द्वारा पहिलो तहको अपराधलाई प्रदानाध्यापक वा प्रदानध्यापकले नियुक्त गरेको व्यक्तिको अनुसार दोस्रो, तेस्रो र चौथों तहको अपराध भनी वर्गीक्रित गर्न सकिन्छ।:

- विद्यार्थीको अंक विवरण, अनुपास्थितीको कारण लेखिएको पत्र वा विद्यार्थीको कागज पत्रहरु परिवर्तन गरेको
- दुर्व्येवहार/उत्पिडन/ईन्टरनेटमा उत्पिडन/धम्की

उपयुक्त प्रक्रियाहरु

प्रधानाध्यापक वा प्रधानाध्यापक द्वारा नियुक्त गरिएको व्यक्तिले इ यच २० फारम (गुलाबी पत्र) प्रदान गर्ने छ। विद्यार्थीले माथि बयान गरिएको पहिलो तहमा अनुमोदन गरिएको अपराधहरुको एउटा वा एउटा भन्दा धेरै परिणामहरु प्रदान गर्ने छ त्यसका साथ साथै प्रधानाध्यापक वा प्रधानाध्यापकले नियुक्त गरेको व्यक्ति द्वारा, अपराधलाई दोस्रो तह तेस्रो तह वा चौथों तह भनेर वर्गीकृत गरेको खण्डमा यि परिणामहरु भोग्नु पर्ने हुन्छ:

- एक देखी दस दिन को लागि बिद्यालय बाहिर निलम्बन
- सुन्वाइ र निष्काशन कार्यालयमा सिफरिश गरिने

- सुन्वाइ र निष्काशन कार्यालयको प्रसासनिक सिफारिश द्वारा अनुशाशक बिद्यालय नियुक्ती गरिने (कक्षा ६ देखी ८ सम्म)

**पहिलो तहको अपराध पाँचौं तहको अपराध हुन सक्ने**
तल दिइएका भङ्ग गर्ने व्यवहारहरु बिद्यालय जिल्ला द्वारा पहिलो तहको अपराधलाई प्रदानाध्यापक वा प्रदानाध्यापकले नियुक्त गरेको व्यक्तिको अनुसार दोस्रो, तेस्रो चौथों र पाँचौं तहको अपराध भनी वर्गीक्रित गर्न सकिन्छ:

- **एलेक्ट्रोनिक सामाग्रीको अनुचित प्रयोग**
- **दुर्व्येवहार (यौन दुर्व्येवहार सम्मिलित भएको)**
- **उत्पिडन वा ईन्टरनेट मा गरिने उत्पिडन**
- **धम्की**

उपयुक्त प्रक्रियाहरु
प्रधानाध्यापक वा प्रधानाध्यापक द्वारा नियुक्त गरिएको व्यक्तिले इ यच २० फारम (गुलाबी पत्र) प्रदान गर्ने छ। विद्यार्थीले माथि बयान गरिएको पहिलो तहमा अनुमोदन गरिएको अपराधहरुको एउटा वा एउटा भन्दा धेरै परिणाम हरु प्रदान गर्ने छ त्यसका साथ साथै प्रधानाध्यापक वा प्रधानाध्यापकले नियुक्त गरेको व्यक्ति द्वारा, अपराधलाई दोस्रो तह, तेस्रो तह, वा चौथों तह भनेर वर्गीकृत गरेको खण्डमा यि परिणामहरु भोग्नु पर्ने हुन्छ:

- एक देखी दस दिन को लागि बिद्यालय बहिर निलम्बन
- सुन्वाइ र निष्काशन कार्यालयमा सिफरिश गरिने
- सुन्वाइ र निष्काशन कार्यालयको प्रसासनिक सिफारिश द्वारा अनुशाशक बिद्यालय नियुक्ती गरिने (कक्षा ६ देखी ८ सम्म)
- सुन्वाइ र निष्काशन कार्यालयको प्रसासनिक सिफारिश द्वारा निष्काशन

**दोस्रो तहको अपराध तेस्रो तहको अपराध हुन सक्ने**
तल दिइएका भङ्ग गर्ने व्यवहारहरु बिद्यालय जिल्ला द्वारा दोस्रो तहको अपराधलाई प्रदानाध्यापक वा प्रदानाध्यापकले नियुक्त गरेको व्यक्तिको अनुसार तेस्रो तहको अपराध भनी वर्गीक्रित गर्न सकिन्छ।

- (सहमतीका साथ) यौन कार्य गरेको

उपयुक्त प्रक्रिया
माथि दिइएको अपराधहरु गरेको खण्डमा विद्यार्थीले छानेको व्यवहारको सम्बोधन गर्न शिक्षकले तल दिइएको प्रगतिशिल व्यवहार प्रक्रियाहरुको पालना गर्ने छ:

- आर टि आइ आइ व्येवहार मा सिफारिश
- एक देखी दस दिन को लागि बिद्यालय बहिर निलम्बन
- हस्तक्षेप र सरुवाको लागि हस्तक्षेप र सरुवाको लागि सुन्वाइ र निष्काशन कार्यालयमा सिफरिश गरिने

**दोस्रो तहको अपराध चौथों तहको अपराध हुन सक्ने**

तल दिइएका भङ्ग गर्ने व्यवहारहरु बिद्यालय जिल्ला द्वारा दोस्रो तहको अपराधलाई प्रदानाध्यापक वा प्रदानाध्यापकले नियुक्त गरेको व्यक्तिको अनुसार तेस्रो वा चौथों तहको अपराध भनी वर्गीक्रित गर्न सकिन्छ:

- **विद्यार्थी वा स्टाफ सदस्यलाई गम्भिर हमलाको धम्की दिने**
- **(५०० भन्दा बढी) सम्पत्तिको चोरि वा बिनाश गरिएको**
- **अनुमती बिना विद्यार्थी भित्र जाने**
- **डकैटी**
- **फिरौती**
- **(शारिरिक हानी पुराउने गरी) दुबैले झगडा गरेको**
- **साधारण हमला**

उपयुक्त प्रक्रियाहरु

माथि दिइएको अपराधहरु गरेको खण्डमा विद्यार्थीले अतिरिक्त कुराहरु साथ साथै १ देखी १० दिनको लागि बिद्यालय बहिर निलम्बन भोग्ने छः

- आर टि आइ आइ व्येवहार मा सिफारिश (Behavioral Referral to RtII)
- हस्तक्षेप र सरुवाको लागि सुन्वाइ र निष्काशन कार्यालयमा सिफरिश गरिने
- सुन्वाइ र निष्काशन कार्यालयको प्रसासनिक सिफारिश द्वारा अनुशाशक बिद्यालय नियुक्ती गरिने (कक्षा ६ देखी ८ सम्म)

**दोस्रो तहको अपराध पाँचौं तहको अपराध हुन सक्ने**

तल दिइएका भङ्ग गर्ने व्यवहारहरु बिद्यालय जिल्ला द्वारा दोस्रो तहको अपराधलाई प्रदानाध्यापक वा प्रदानाध्यापकले नियुक्ती गरेको व्यक्तिको अनुसार तेस्रो, चौथों, वा पाँचौं तहको अपराध भनी वर्गीक्रित गर्न सकिन्छ:

- डकैटी
- फिरौती
- रक्सी वा लागुपदार्थ भएको र चलाऊन लागेको
- रक्सी वा लागुपदर्थ भएको बेच्न खोजेको
- अरु विद्यार्थीलाई खतरामा राखेको
- लापर्वाहीले अरुलाई खतरामा राखेको
- (सहमति बिना) यौन कार्य
- पटका/आगो लगाउने/बिस्फोटन हुने सामाग्री भएको र प्रयोग गरेको
- विद्यार्थी वा समुदायाका सदस्यहरु माथि हमला
- सामुहिक हमलामा भाग लिएको वा प्रोत्साहन गरेको

उपयुक्त प्रक्रियाहरु
माथि दिइएको अपराधहरु गरेको खण्डमा विद्यार्थीले अतिरिक्त कुराहरु साथ साथै: १ देखी १० दिनको लागि बिद्यालय बाहिर निलम्बन भोग्ने छ:

- आर टि आइ आइ व्येवहार मा सिफारिश (Behavioral referral to RtII)
- हस्तक्षेप र सरुवाको लागि सुन्वाइ र निष्काशन कार्यालयमा सिफरिश गरिने
- सुन्वाइ र निष्काशन कार्यालयको प्रसासनिक सिफारिश द्वारा अनुशाशक बिद्यालय नियुक्ती गरिने (कक्षा ६ देखी ८ सम्म)
- सुन्वाइ र निष्काशन कार्यालयको प्रसासनिक सिफारिश द्वारा निष्काशन /A referral the Office of Hearings and Expulsions with an administrative recommendation for an Expulsion.

**तेस्रो तहको अपराध पाँचौं तहको अपराध हुन सक्ने**
तल दिइएका भङ्ग गर्ने व्यवहारहरु बिद्यालय जिल्ला द्वारा तेस्रो तहको अपराधलाई प्रदानाध्यापक वा प्रदानाध्यापकले नियुक्त गरेको व्यक्तिको अनुसार चौथो, वा पाँचौं तहको अपराध भनी वर्गीक्रित गर्न सकिन्छ:

- **गम्भिर हमला**

उपयुक्त प्रक्रियाहरु
माथि दिइएको अपराधहरु गरेको खण्डमा विद्यार्थीले अतिरिक्त कुराहरु साथ साथै: १ देखी १० दिनको लागि बिद्यालय बहिर निलम्बन भोग्ने छः

- “आर टि आइ आइ” व्यवहार मा सिफारिश (Behavioral referral to RtII)
- हस्तक्षेप र सरुवाको लागि हस्तक्षेप र सरुवाको लागि सुन्वाइ र निष्काशन कार्यालयमा सिफरिश गरिने
- सुन्वाइ र निष्काशन कार्यालयको प्रसासनिक सिफारिश द्वारा अनुशाशक बिद्यालय नियुक्ती गरिने (कक्षा ६ देखी ८ सम्म)
- सुन्वाइ र निष्काशन कार्यालयको प्रसासनिक सिफारिश द्वारा निष्काशन

**चौथो तहको अपराध पाँचौं तहको अपराध हुन सक्ने**
तल दिइएका भङ्ग गर्ने व्येवहारहरु बिद्यालय जिल्ला द्वारा चौथो तहको अपराधलाई प्रदानाध्यापक वा प्रदानाध्यापकले नियुक्ती गरेको व्यक्तिको अनुसार पाँचौं तहको अपराध भनी वर्गीक्रित गर्न सकिन्छ।:

- गम्भिर हमला
- (सहमति बिना) यौन कार्य/
- हात हतियार भएको

उपयुक्त प्रक्रियाहरु
माथि दिइएको अपराधहरु गरेको खण्डमा विद्यार्थीले अतिरिक्त कुराहरु साथ साथै: १ देखी १० दिनको लागि बिद्यालय बाहिर निलम्बन भोग्ने छ:

- “आर टि आइ आइ” व्यवहार मा सिफारिश (Behavioral referral to RtII)

- हस्तक्षेप र सरुवाको लागि सुन्वाइ र निष्काशन कार्यालयमा सिफरिश गरिने
- सुन्वाइ र निष्काशन कार्यालयको प्रसासनिक सिफारिश द्वारा अनुशाशक बिद्यालय नियुक्ती गरिने (कक्षा ६ देखी ८ सम्म)
- सुन्वाइ र निष्काशन कार्यालयको प्रसासनिक सिफारिश द्वारा निष्काशन

**A. छुट्टै राख्ने**

पहिलो तहको अपराधको लागि बिद्यालय अगाडि, खाना खाने समयमा र बिद्यालय पछी छुटै राखिन्छ। विद्यार्थीहरुले ठीक समयमा आउन आवश्यक गरिन्छ र पढ्नलाई सामाग्री लिएर आउन अनुरोध गरिन्छ। विद्यार्थीहरु शान्ता हुनु पर्छ र सुत्न अनुमती छैन। छुट्टै बस्दा विद्यार्थीहरुले व्यवहार नियमावलीको पलना गर्नु पर्ने हुन्छ। यो सजयमा नआएको खण्डमा र धेरै चोटि सजायमा प्राप्त गरेको खण्डमा थप अनुशासन प्रक्रिया गरिन्छ।

**B. बिद्यालय भित्र निलम्बन (IN SCHOOL SUSPENSION (ISS))**

प्रगतिशिल अनुशासन कार्य द्वारा यो परिणाममा राखिएका विद्यार्थीहरुलाई शिक्षकको कोठामा पुरा दिनको लागि नियुक्त गरिन्छ। विद्यार्थीले बिहान कक्षा कार्य प्राप्त गर्ने छ र तोकिएको कक्षाको पछाडि बसी शान्त रुपमा सम्पूर्ण कार्य पुरा गर्नु पर्ने हुन्छ। विद्यार्थी तोकिएको कक्षा सँग हुन्छ र आफ्नो कक्षामा पुन रुपमा जान निशेधित हुन्छ। बिद्यालय भित्रको निलम्बनको आपेक्षाहरु पुरा नगरेको खण्डमा विद्यार्थी एक दिनको लागि बिद्यालय बाहिर निलबन प्राप्त गर्ने छ।

**C. बिद्यालय बहिर निलम्बन**

विद्यार्थीले गम्भिर, भङ गर्ने, र अनुचित व्यवहारमा संलग्न भएको भनेर विद्यार्थी र आमा बुवालाई बुझाउन बिद्यालय बाहिरको निलम्बनको उधेश्य हो। निलम्बन गरिएको खण्डमा आमा बुवा वा अभिभावकले मिस्टर लुकवलाई भेटे पछी मात्र विद्यार्थीलाई पुन रुपमा भर्ना गरिन्छ। न्यानिक अभिभावक नभएका दाजु, भाई, दिदी, बहिनी, साथी वा अरु सम्बन्ध भएका व्यक्तिहरुलाई निलम्बित गरिएको विद्यार्थीहरुलाई पुन रुपमा भर्न गर्न अनुमती छैन। फोन गरेर विद्यार्थी पुन रुपमा भर्ना गरिने छैन।

निलम्बित गरिएका विद्यार्थीलाई बिद्यालय भित्र आउन अनुमती हुने छैन। उनिहरुलाई बिद्यालयको कृयाकलाप र बिद्यालय पछीका कार्यक्रमहरुमा भाग लिन निशेधित गरिन्छ। निलम्बित गरिएको विद्यार्थीलाई बिद्यालयमा देखिएको खण्डमा अनुमती बिना आएको भनेर मानिन्छ। यो सजायको पालना नगरेको खण्डमा थप अनुशासन कार्वाही गरिन्छ।

**D. सन्क्रमण प्रक्रियाहरु**

कक्षा ६ देखी कक्षा ८ मा भएका विद्यार्थीहरुले भड्ग गर्ने व्यवहार वा विद्यार्थी नियमावलीका नियमहरुको उल्लङन गरेको खण्डमा विद्यार्थीलाई अनुशासन, सुन्वाइ र निस्कासन कार्यालयमा सिफारिश गरिन्छ। सिफारिश गरिएका विद्यार्थीलाई निष्पक्ष प्रक्रिया प्रदान गरिन्छ जस्मा अनुशासन बिद्यालयमा सरुवा गरिने वा नगरिने भनेर निर्धारित गर्ने सुन्वाइ सम्मिलित हुने छ। सुन्वाइको लागि सिफारिश गरिएको विद्यार्थीलाई निलम्बित गरिन्छ। कक्षा के देखी ५ का विद्यार्थीहरुलाई सन्क्रमण प्रक्रिया लागु हुने छैन। उनीहरुलाई शिक्षा र हस्तक्षेप प्रतिक्रिया द्वरा सिफारिश गरिन्छ। यो प्रक्रियाको तेस्रो तहमा बिद्यालय जिल्ला द्वारा व्यवस्थापन गरिएको वैकल्पिक कार्यक्रम क्रसरोड अकाडेमीमा सिफारिश गरिन्छ जस्मा शैक्षिक, सामाजिक र भावनात्मक बिकास गर्ने कार्यक्रम प्रदान गर्दछ।